मदाने गाउँपालिका

गुल्मी जिल्ला, प्रदेश नं. ५, नेपाल

# मदाने राजपत्र

| वर्ष : १ | अंक : १६ |
|---|---|

## भाग : २

गाउँकार्यपालिकाबाट मिति २०७५/०१/१९ मा मदाने गाउँपालिकाको अनुगमन मूल्याङ्कन कार्यविधि २०७५ बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।

# मदाने गाउँपालिकाको अनुगमन मूल्याङ्कन कार्यविधि २०७५

आज्ञाले
सुरेश भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

| | |
|---|---|
| कार्यविधि संख्या :- | १३ |

# मदाने गाउँपालिकाको अनुगमन मूल्याङ्कन कार्यविधि २०७५

| | |
|---|---|
| सभाबाट स्वीकृत मिति :- | २०७५/०१/१९ |

मदाने गाउँपालिका

# मदाने गाउँपालिका

## पुर्कोटदह, गुल्मी

## प्रदेश नं. ५, नेपाल

# मदाने गाउँपालिकाको अनुगमन मूल्याङ्कन कार्यविधि

# २०७५

## प्रस्तावना

विगत लामो समय देखि नै यो देशमा अनुगमन मूल्याङ्कनको फितलो कार्यान्वयनका कारण देशले आशातित उपलब्धी हासिल गर्न नसकेको राष्ट्रव्यापी रुपमा गुनासो बढिरहेको अवस्थामा यस गाउँपालिकामा सञ्चालित योजनाहरुको सफल कार्यान्वयनमा जोड दिँदै योजना छनोटमा सहजिकरण र  नीति निर्माणमा सहजता कायमगरी सुशासन, पारदर्शिता, दिगोपना, सहभागितामा अभिबृद्धिगरी गाउँपालिका भित्र योजना कार्यान्वयन पक्षलाई सफलिभुत पार्नको लागि अनुगमन मूल्याङ्कन कार्यविधि बनाई कार्यान्वयन गर्न बाञ्छनीय भएकोले अनुगमन मूल्याङ्कन कार्यविधि २०७५ लागु गरिएको छ ।

## उद्देश्य :-

(क) योजनाहरुको समयमा प्रभावकारी कार्यान्वयन गर्नका लागि सघाउ पुर्‍याउने ।

(ख) अनुगमन मूल्याङ्कनबाट प्राप्त सुझाव तथा निस्कर्षलाई माग दर्शनको रुपमा लिई कार्यान्वयन तहमा लैजाने ।

(ग) योजनाहरु समयमा नै सम्पन्न गर्नको लागि सहयोग पुर्‍याउने ।

## परिच्छेद -१
## संक्षिप्त नाम र प्रारम्भ

(१) संक्षिप्त नाम :- यस कार्यविधिको नाम मदाने गाउँपालिकाको अनुगमन मूल्याङ्कन कार्यविधि "२०७५" रहनेछ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

## परिच्छेद - २
## परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

**(क) कार्यविधि भन्नाले :-** मदाने गाउँपालिकाको अनुगमन मूल्याङ्कन कार्यविधि २०७५ लाई जनाउने छ ।

**(ख) गाउँपालिका भन्नाले :-** मदाने गाउँपालिकालाई जनाउँछ ।

**(ग) अनुगमन भन्नाले :-** योजना, नीति, कार्यक्रम तथा आयोजनाहरुमा लगानी तथा साधनको प्रवाह समुचित ढङ्गले भएको छ/छैन र कायैतालिका अनुसार क्रियाकलापहरु कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्त भएको छ/छैन भनि विभिन्न तहको पदाधिकारी, व्यवस्थापन वा व्यवस्थापनले तोकेको व्यक्ति तथा निकायबकाट निरन्तर र आवधिक रुपमा निगरानी राख्ने कार्यलाई जनाउने छ ।

**(घ) मूल्याङ्कन भन्नाले :-** कार्यान्वयन गरिएका योजना, नीति, कार्यक्रम तथा आयोजनाहरु हालको समयमा के कति सान्दर्भिक, लाभदायीक र प्रभावकारी छन् तथा के कस्ता उपलब्धी एवं प्रभावहरु हासिल भएका छन् भन्ने कुरा लेखाजोखा गर्ने कुरालाई जनाउने छ।

**(ङ) प्राविधिकको अनुगमन तथा मूल्याङ्कन :** प्राविधिक अनुगमन तथा मूल्याङ्कन भन्नाले मदाने गाउँपालिकाका प्राविधिक जनशक्तिबाट योजनाको लागत इष्टिमेट नियमित प्राविधिक चेक जाँच, आयोजनाहरुलाई आवश्यक प्राविधिक सहयोग सहितको सेवा उपलब्ध गराउने कुरालाई बुझिन्छ।

## परिच्छेद - ३
## अनुगमन तथा मूल्याङ्कनमा रहने पदाधिकारी तथा कर्मचारी

(१) गाउँपालिका अध्यक्ष

(२) गाउँपालिका उपाध्यक्ष

(३) प्रमुख प्रशासकीय अधिकृत

(४) सम्बन्धित वडाको वडा अध्यक्ष

(५) आवश्यकता अनुसार अन्य पदाधिकारी तथा कर्मचारीहरु

गाउँपालिकाको प्राविधिक शाखाबाट आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने अनिवार्य रुपमा कामको शुरुवात

मदाने गाउँपालिका

देखि अन्त्यसम्म प्राविधिकले योजनाको लागत इस्टिमेट, निरन्तर जाँच अनुगमन तथा मूल्याङ्कन गर्नु पर्नेछ ।

## परिच्छेद - ४
## अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन सम्बन्धमा

(१) अनुगमन मूल्याङ्कन गर्न गएका पदाधिकारी तथा कर्मचारीले तोकिएको ढाँचामा प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने छ ।

## परिच्छेद - ५
## अनुगमन मूल्याङ्कन कर्ताको सुविधा सम्बन्धमा

अनुगमन तथा मूल्याङ्कन गर्न जाने पदाधिकारी तथा कर्मचारीले नेपाल सरकार अर्थ मन्त्रालयबाट तोकिए बमोजिमको देहायमा उल्लेखित सुविधा प्राप्त गर्ने छ ।

(१) दैनिक भत्ता प्रतिदिन रु. १,०००।-

(२) खाजा तथा खर्च प्रतिदिन प्रतिव्यक्ति रु. १००।-

(३) खानाखर्च प्रतिपटक प्रतिव्यक्ति रु. १५०।-

(४) प्रतिवेदन लेखन रु. ५००।-

(५) स्टेशनरी बापत रु. ५०।-

(६) विविध खर्च रु. ५००।-

## परिच्छेद - ६
## विविध :

(क) अनुगमन तथा मूल्याङ्कनको अवधि १ दिन वा बढीमा आवश्यकता अनुसार ४ दिनको हुनेछ ।

(ख) अनुगमन तथा मूल्याङ्कन गर्न जाँदा चारपाङ्गे सवारी साधनको प्रयोग गर्नुपर्ने भएमा सवारी साधनको भाडा गाउँपालिकाको दररेट वा सो स्वीकृत नभएको भए जिल्ला दररेटमा नबढ्ने गरी हुनेछ ।

(ग) यस कार्यविधिमा उल्लेख भएका प्रावधानहरुलाई समय सापेक्ष परिमार्जन गर्न सकिने छ ।

## परिच्छेद - ७
## खारेजी तथा बचाउ :

यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा “स्थानीय सरकार संचालन ऐन २०७४” स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम तथा अन्य प्रचलित कानुन सँग बाँझिएको हकमा बाझिएको हदसम्म खारेजी हुनेछ ।